# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर,चितवन

प.सं. ०७६।७७

च.नं. ४२

मितिः २०७६/०९/०१

**बिषयः सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) पालना सम्बन्धमा ।**

श्री अध्यक्ष ज्यू,
सम्पूर्ण सहकारी संस्थाहरू
भरतपुर महानगरपालिका वडा नं.१-२९
चितवन ।

प्रस्तुत बिषयमा सहकारी संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गत सहकारी विभागले जारी गरेको "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४(पहिलो संशोधन समेत)"मा भएका सबै व्यवस्थाहरू अनिवार्य रुपमा पालनाको लागि निर्देशन जारी गर्न तथा तपसिलमा उल्लेखित विषयहरू तत्काल कार्यान्वयनको लागि निर्देशन/सहजीकरण हुन भनी सहकारी विभागको च.नं. ७७५ मिति २०७६/०८/१८ को पत्रबाट लेखिआएको हुँदा सो अनुसारको व्यवस्था तत्काल मिलाउन अनुरोध छ ।

तपसिल

१. निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नम्बर, इमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी वित्तिय जानकारी इकाई तथा विभाग र भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर, चितवनमा गराउने ।
२. निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र जारी निर्देशन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी संघ संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारणसभाबाट पारित गराई लागु गर्ने ।
३. निर्देशनको दफा १९ बमोजिम सीमा कारोवारको प्रतिवेदन (TTR) कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसूची-४ को ढाँचामा नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाईमा पठाउने गर्नुपर्ने ।
४. निर्देशनको दफा २० बमोजिम शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन (STR) अनुसूची-५ को ढाँचामा तयार गरी कारोवार भएको तिन दिन भित्र वित्तिय जानकारी इकाईमा पठाउने गर्नुपर्ने ।
५. निर्देशनको दफा ३ बमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अद्यावधिक गरीराखे ।
६. निर्देशनको दफा १३ बमोजिम जोखिम पहिचान, मूल्यांकन, वर्गीकरण तथा व्यवस्थापन गर्ने ।
७. निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने ।
८. निर्देशनको दफा १० बमोजिम वास्तविक धनीको पहिचान गर्ने उपाय अवलम्बन गर्ने ।
९. निर्देशनको दफा १५ बमोजिम सिमा कारोवारको स्रोत खुलासा लिने गर्नु पर्ने ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर,चितवन

प.सं. ०६६।६६

च.नं. ४२

१०. निर्देशनको दफा २८ बमोजिम सम्पादन गरेका कार्यहरूको चौमासिक प्रतिवेदन अनुसूची-६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर, चितवनमा अनिवार्य पठाउनु पर्नेमा, यस्तो प्रतिवेदन हालसम्म प्राप्त नभएको हुँदा नित्य नियमित रुपमा तयार गरी पठाउने व्यवस्थाका लागि अनुरोध छ ।

पुनश्चः सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) सहकारी विभागको वेबसाइट www.deoc.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिन्छ । अन्य जानकारी तथा थप सहजीकरणको लागि भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर, चितवनमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

(रामबाबु पौडेल)
अधिकृतस्तर छैटौं

**बोधार्थ**

१ श्री नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाई, बालुवाटार, काठमाडौं ।
२ श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर ।
३ श्री सहकारी विभाग, नयां बानेश्वर, काठमाडौं ।
४ श्री सूचना शाखा, भरतपुर महानगरपालिका – सहकारी संस्थाहरूको जानकारीको लागि भरतपुर महानगरपालिकाको वेवसाइटमा राखिदिनुहुन ।
५ श्री जिल्ला सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
६ श्री चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
७ श्री चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
८ श्री चितवन जिल्ला कृषि सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
९ श्री चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
१० श्री चितवन जिल्ला सामाजिक उधमी सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
११ श्री चितवन जिल्ला तरकारी तथा फलफूल उत्पादक सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)
१२ ११ श्री चितवन जिल्ला जडीबुटी उत्पादक सहकारी संघ लिमिटेड, चितवन ।(सदस्य संस्थाहरूलाई जानकारी गराई तत्काल कार्यान्वयनको लागि सहजीकरण गर्नुहुन)

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner